" समृद्ध खाँदबारी नगर "

# खाँदबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खाँदबारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

प.सं.: २०८१/८२

च.नं.: २८१६

मिति- २०८२/०१/०३

विषय- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
खाँदबारी, संखुवासभा ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८२ को सुरुवात भएसँगै विद्यालयहरुले निम्नबमोजिमका क्षेत्रहरुमा निम्नानुसारको कार्यक्रम गर्न गराउन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०८२/०१/०२ च.नं. १५७ को पत्रबाट लेखी आएको हुँदा कार्यान्वयनको लागि अनुरोध छ ।

तपसिल

१. विद्यालयको सेवा क्षेत्रभित्र वसोवास गर्ने विद्यालय उमेर समूहका कुनैपनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चित हुने गरी " सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता" भन्ने आदर्श वाक्य सहित अभिभावक समेतको सहभागितामा शैक्षिक सत्र २०८२ को भर्ना अभियान संचालन गर्ने ।

२. विद्यालयका सम्पूर्ण कक्षाका लागि निःशुल्क पाठ्यपुस्तकको रकम ७५ प्रतिशत निकासा भईसकेकोले पाठ्यपुस्तक खरिद तथा वितरणलाई उच्च प्राथमिकता दिई समयमानै बालबालिकाको हातमा नयाँ सेट पाठ्यपुस्तक उपलब्ध गराउने ।

३. पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक एवम् पाठ्यसामग्री मात्र प्रयोग गर्ने।

४. विद्यार्थीलाई विद्यालय परिसरभित्र वा विद्यालयले तोकेको स्थानबाट मात्र पुस्तक, स्टेशनरी, झोला, पोसाक लागयतका सामग्री खरिद गर्न बाध्यकारी नबनाई खुला बजारबाट खरिद गर्ने वातावरण सिर्जना गर्ने ।

५. आधारभूत तह कक्षा (१-३) एकिकृत पाठ्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा विद्यार्थीहरुको व्यक्तिगत पोर्टफोलियो फाइल तयार गरी आन्तरिक मूल्याङ्कन अनिवार्य रुपमा अध्यावधिक गर्दै सोको आधारमा सहयोगात्मक शिक्षण गर्ने व्यवस्था मिलाउने ।

नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.- ...४१, उपप्रमूख- ३४१, प्रमुख २५४
वेबसाइटः www.khandbarimun.gov.np ईमेलः khandbari.mun@gmail.com

प.सं.: २०८१/८२

च.नं.:

६. निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालयहरुले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ ले व्यवस्था गरेबमोजिम देहायको सङ्ख्यामा विद्यार्थीहरुलाई निःशुल्क शिक्षा उपलब्ध गराउनको लागि छात्रवृत्ति प्रदान गर्ने

- पाँच सय सम्म विद्यार्थी भएको विद्यालयले कम्तिमा दश प्रतिशत विद्यार्थीलाई
- पाँच सय देखि आठ सय सम्म विद्यार्थी भएको विद्यालयले कम्तिमा बाह्र प्रतिशत विद्यार्थीलाई
- आठसय भन्दा वढि सख्या भएका विद्यालयले कम्तिमा पन्ध्र प्रतिशत विद्यार्थीलाई

७. निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई नेपाल सरकारले संचालनमा ल्याएको सामाजिक सुरक्षा कार्यक्रमको दायारामा ल्याई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने ।

८. निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठीमा संचालित विद्यालयहरुले शुल्क निर्धारणका लागि शुल्क प्रस्ताव अबिलम्व पेश गर्ने ।

९. शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ८४ को उपनियम (५) अनुसार " एक शैक्षिक सत्रमा काम गर्ने दिन कम्तिमा दुई सय विस दिन हुनेछ " भन्ने प्रावधान कार्यन्वयनको सुनिश्चितता गर्ने ।

१०. कक्षा ८ को ग्रेडवृद्धि परीक्षा सञ्चालन सम्बन्धमा नगर स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा समितिले निर्धारण गरेको समय तालिका यस अघिनै प्रकाशन गरिएको छ, सोही मितिमा उक्त परीक्षा संचालनका लागि तयारी अवस्थामा रहने र परीक्षा सम्बन्धी अन्य कार्यहरु निर्धारित समय तालिकाभित्र कार्यान्वयन गर्ने ।

..............................

दीपकमणि घिमिरे

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत